## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१२५

आज मिति २०८२/०६/०३ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १२५ मितिः २०८२/०६/०३

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु**

१. निःशुल्क बस सन्चालन गर्ने सम्बन्धमा।

२. गाउँपालिकाको जग्गा प्राप्तिको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा

३. वडा नं.४ कार्यालयको जग्गा प्राप्तिको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा।

४. काठेपुलको रकम भुक्तानी सम्बन्धमा।

५. फलामको फड्केपुल निर्माणको रकम भुक्तानी सम्बन्धमा।

६. सडक कटान रोकथामको रकम भुक्तानी सम्बन्धमा।

७. फलामे रडको रकम भुक्तानी गर्ने सम्बन्धमा।

८. सडक हेरालुको रकम भुक्तानी सम्बन्धमा।

**निर्णय नं.१**

नेपालीहरुको महान चाड विजयादशमीको अष्टमी, नवमी र दशमीको दिनहरुमा सार्वजनिक यातायातका साधानहरु न्यून मात्रामा सन्चालन हुने र काठमाडौबाट ठुलोगाउँ-डाँडागाउँ हुँदै खड्कु जाने, वेत्रावती-शान्तिबजार- सल्लेटार हुँदै मैलुङ जाने र बुनवा घुम्ती हुँदै कर्मिडाँडा जाने सवारी साधान १/१ वटा मात्र रहेकोले स्थानीयको माग, चाप र आवश्यकतालाई मध्यनजर गर्दै यस गाउँपालिकाका भित्रका तपसिलका रुटहरुमा निःशुल्क यातायात सन्चालनको व्यवस्थापन गर्न सम्बन्धित वडाका वडा अध्यक्षलाई जिम्मेवारी दिने र सो को भुक्तानी वडा सम्बन्धित समितिको निर्णय र वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स | रुट | गते | कैफियत |
|---|---|---|---|
| १ | मैलुङ-सल्लेटार-शान्ति बजार-वेत्रावती हुँदै काठमाडौ र बेलुका सोही रुट फिर्ता | १४, १५ र १६ गते | |
| २ | खड्कु-डाँडागाउँ-ठुलोगाउँ-वेत्रावती हुँदै काठमाडौ र बेलुका सोही रुट फिर्ता | १४, १५ र १६ गते | |
| ३ | कर्मिडाँडा-बनुवा घुम्ती हुँदै काठमाडौ र बेलुका सोही रुट फिर्ता | १४, १५ र १६ गते | |

**निर्णय नं.२**

यस गाउँपालिकाको आफ्नो प्रशासनिक भवन नभएको र गाउँपालिकाको नाममा जग्गा पनि नभएकोले हाल गाउँपालिका कार्यालयले भाडाको घरबाट सेवा ग्राहीहरुलाई सेवा प्रवाह गरिरहेको छ। गाउँपालिका कार्यालयले

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १२५

मितिः २०८२/०६/०३

आफ्नै प्रशानिक भवनबाट सेवाग्राहीहरुलाई सहज रुपमा सेवा प्रवाह गर्न गाउँपालिका कार्यालयको भवन निर्माण गर्नुपर्ने आवश्यक देखिएको हुँदा सो कार्यको लागि गाउँपालिकालाई कम्तिमा ६ रोपनी क्षेत्रफल भएको जग्गा आवश्यक पर्ने र उक्त जग्गा दाताहरुबाट जग्गा प्राप्त हुने भएमा उत्तरगया गाउँपालिका वडा नं.५ स्थित नैविशे पेट्रोल पन्प देखि वेत्रावती बजार सम्मको क्षेत्रमा पर्ने जग्गा दान गर्न इच्छुक व्यक्तिहरुको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

यस गाउँपालिकाको वडा नं.४ वडा कार्यालयको प्रशासनीक भवन निर्माणको लागि वडा कार्यालयको नाममा जग्गा नभएको र हाल सञ्चालनमा रहेको वडा कार्यालय पनि लहरेपौवा स्वास्थ्य चौकीको साघुरो भवनबाट चलिरहेको छ। वडा कार्यालयको कामकाजलाई सहज रुपमा सञ्चालन गर्न वडा कार्यालयको भवन निर्माण गर्नुपर्ने र उक्त कार्यको लागि कम्तिमा १ रोपनी क्षेत्रफल भएको जग्गा आवश्यक पर्ने भएकोले वडा नं.४ स्थित तल्लो कर्मिडाँडा देखि माथिल्लो कर्मिडाँडा सम्मको क्षेत्रमा पर्ने जग्गा दान गर्न इच्छुक व्यक्तिहरुको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं.४**

उत्तरगया गाउँपालिका वडा नं १ स्थित गाउँबाट घडेरीडाँडा हुदै कामलुङ जाने बाटोको विचमा पर्ने तर्स्यूङ खोलामा रहेको पुरानो काठेपुल जिर्ण भइ आवतजावतमा कठिनाइ भएकाले उक्त स्थानमा नयाँ काठेपुल निर्माण गरिएको हुँदा उक्त काठेपुल निर्माणमा लागेको रकम प्राविधिक मूल्याङ्कन र वडाको सिफारिस अनुसार रु.१५,०००/-(अक्षरुपी पन्ध्र हजार) मा नबढ्ने गरि भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं.५**

उत्तरगया गाउँपालिका वडा नं ४ पैरेवेशीमा रहेको काभ्रेखोलामा असार २४, श्रावण १४ गते र त्यसपश्चात निरन्तर आएको बाढीका कारण माथिल्लो पैरेवेशीबाट तल्लो पैरेवेशी आवतजावत गर्ने बाटो पूर्णरुपमा अवरुद्ध भएको र त्यहाँ आवतजाबतका लागि तत्कालै बाटोको प्रवन्ध गर्नुपर्ने भएकोले काभ्रेखोला माथि बनाइएको सिंचाइ कुलो माथि फलामको फड्के पुल निर्माण निर्माण गर्ने कार्य सम्पन्न गरिएको हुँदा उक्त कार्यको रकम सम्बन्धित निर्माण पक्षलाई प्राविधिक मूल्याङ्कन र

हेमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

वडा कार्यालयको सिफारिस बमोजिम रु. ३,८६,६०५.६० (अक्षेरुपी तिन लाख छयासी हजार छ सय पाँच रुपैंया पैसा साठी मात्र) रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं.६

मिति २०८२ असार २४ र श्रावण १४ गते त्रिशुली नदीमा आएको बाढीका कारण गल्छी, त्रिशुली मैलुङ सडक आयोजना अन्तर्गत बेत्रावति मैलुङ खण्डको उत्तरगया ५, नौविशे पेट्रोल पम्प नजिकैको सडकमा पूर्णरुपमा क्षति पुर्याइ पेट्रोल पम्प साथै नजिक रहेको २ वटा घर अत्याधिक जोखिममा रहेको अवस्थामा मिति २०८२ श्रावण २८ गते रसुवा र नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा निकायका प्रमुखहरुको विशेष उपस्थितिमा बसेको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णय नं १ अनुसार त्रिशुली नदीको कटान रोक्नका लागि नदिले नबगाउने ठुला बोल्डर (ढुंगा) हाल्नुपर्ने अवस्था आएको कारण गाउँपालिकाले ढुंगा ओसारपसारका लागि टिप्परको व्यवस्थापन गर्ने, माथिल्लो त्रिशुलि जलविद्युत आयोजना (3B) ले नौविशेमा डोजरको व्यवस्थापन गर्ने साथै लोड गर्नका लागि माथिल्लो त्रिशुली १ जलविद्युत आयोजना (२१६ मे वा) ले डोजरको व्यवस्थापन गरी नदीको कटान रोकी सडक एकतर्फि सुचारु गर्ने सफल भएको हुँदा तहाँ ढुंगा ओसारपसार कार्यमा संलग्न टिप्पर गाडिसंग भएको सम्झौता अनुरुपको रकम, खाजा-खाना तथा नास्ताको रकम, पानि कटाउन प्रयोग भएको पाइपको रकम लगायत आवश्यक खर्चको रकमहरु देहाय बमोजिमको विवरणमा भुक्तानी दिने निर्णय गरियो।

देहाय,

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | होटल होराइजन | १२६५०/- | बोगटीटार बनुवा सडक ग्रावेल र बनुवा सडकमा काम गर्ने अपरेटर र गाडी चालकले खाजा खाना वापत भएको खर्च। |
| २ | सिद्धार्थ ट्रेडर्स | ७१७५/- | सडकको काममा आवश्यक सामाग्री खरिद। |
| ३ | सापकोटा मिठाइ तथा खाजा घर | ८१८६०/- | त्रिशुली नदी कटान नियन्त्रणमा काम गर्ने अपरेटर, गाडी चालक, सडक कर्मचारी,सुपरभाइजर र गाउँपालिका कर्मचारीले खाजा खाना वापत भएको खर्च। |

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: १२५

मितिः २०८२/०६/०३

| | | | |
|---|---|---|---|
| ४ | सुविका कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ६६३४६.४६/- | Pipe र ढुवानी सहित |
| ५ | गोम्जन ब्रोद्रर्स निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि | ४,९५,०००/- | गाडी भाडा वापत |
| ६ | सन्तोष गुरुङ | १,४२,५००/- | गाडी भाडा वापत |
| ७ | नवराज शाही | १,४२,५००/- | गाडी भाडा वापत |
| ८ | वेद बहादुर थापा | १६,५००/- | गाडी भाडा वापत |
| ९ | राम बाबु पौडेल | ११,०५०/- | सुपरभाइजर |
| १० | नवराज अधिकारी | ५,९५०/- | सडकमा पानि तर्काउने कार्य, नालि व्यवस्थापन |
| ११ | सौरभ घिमिरे | ५,९५०/- | सडकमा पानि तर्काउने कार्य, नालि व्यवस्थापन |
| जम्मा रु. | | ९,८७,४८१.४६ | **अक्षेरुपी नौ लाख सतासी हजार चार सय एकासी रुपैंया पैसा छयालीस** |

<u>निर्णय नं.७</u>

मिति २०८२ असार २४ र श्रावण १४ गते त्रिशुली नदीमा आएको बाढीले गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजनाको बेत्रावति मैलुङ सडकखण्डको उत्तरगया ५ नौविशे पेट्रोल पम्प नजिकको सडक पुर्णरुपमा क्षति पुगी सडक नजिक रहेको पेट्रोल पम्प र २ वटा घरमा क्षति पुग्न लागेको अवस्थामा रडको ग्याविन बक्स बनाइ ढुंगा भरी नदी किनारामा खसाल्ने प्रयोजनमा आपत्कालिन अवस्थामा गाउँपालिका नजिकै रहेको उत्तरगया हार्डवयरबाट गाउँपालिकाले १२ mm को ८ मुठा रड र आवश्यक सामाग्रीहरु खरिद गरेको हुँदा उक्त रड र सामाग्रीहरु नियमानुसार दाखिला गरी स्वीकृत जिल्ला दररेट अनुसार रु.८१,१५५.०९ (अक्षरेपी एकासी हजार एक सय पचपन्न रुपैंया पैसा नौ) रकम भुक्तानी दिने निर्णय गरियो।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १२५ मितिः २०८२/०६/०३

---

<u>निर्णय नं.८</u>

मिति २०८२ जेष्ठ १९ गतेको विपद् व्यवस्थापन समितिको निर्णय नं ४ अनुरुप मनसुनको समयलाई लक्षित गरी गाउँपालिका भित्रमा सडकहरु सुचारु अवस्थामा राख्नका लागि सबै वडामा सडक हेरालु राख्ने निर्णय अनुरुप राखिएका सडक हेरालुहरुको पारिश्रमिक नियमानुसार प्राविधिक मूल्याङ्कन र वडा कार्यालयको सिफारिस बमोजिम एकमुष्ट रु. ३,८८.५००।- (अक्षरेपी तीन लाख अठासी हजार पाँच सय रुपैया ) रकम भुक्तानी गर्ने निर्णय गरियो।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत